| २०७७ बैशाख देखि असार २७ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ७८ | ३५ | ७३ | ५ | ४ | ३ | ४७ | ० | १६१ |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि असार २७ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ७६ | ३५ | ७२ | २ | ३ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

२७ असार विहान १०:०० बजेदेखि २८ असार बिहान १०:०० बजे सम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १३ स्थानमा **पहिरो**, १८ स्थानमा **अबिरल वर्षा**, ७ स्थानमा **बाढी**, १ स्थानमा **आगलागी**का घटना भएका छन् । यी घटनामा परेर १९ जनाको **मृत्यु**, १४ जना **घाईते** र ९ जना **बेपत्ता** छन् । यसैगरी **दाङ**मा **सर्पदंश**बाट एक बालकको **मृत्यु** भएको छ । ९ स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १९ | ९ | ४० | १४ | ६९,२२,००० | ९ | २ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का ४० वटा घट्नाहरु भएका छन् ।
- **म्याग्दीको** मालिका- ७ बिममा **पहिरो** जाँदा ८ जनाको **मृत्यु भए**का छन् भने १ जना घाईते भएको छ । यसैगरी धवलागिरी गाउँपालिका वडा नं. ६ मराङ्ग रिखामा **पहिरो** जाँदा १० जनाको **मृत्यु भएको** छ भने १० जना **घाईते** भएका छन् ।
- **दाङ**को राजपुर गाउँपालिका वडा नं. ३ भैसहवामा एक बालकलाई दायाँ खुट्टामा **बिशालु सर्पले टोकी** उपचारको लागी सर्प दंसकेन्द्र गोरुसिंगे, कपिलबस्तु लैजादै गर्दा बाटोमै **मृत्यु** भएको छ ।
- **संखुवासभाको** सिलिचोङ गाउँपालिका वडा नं. १ बेसिन्दामा **पहिरो** गई **८ घर बगाएको, ११ जना मानिस बेपत्ता** भएकोमा ३ जनाको उद्धार भएको छ ।
- **मोरङको** मिक्लाजुङ गाउँपालिका वडा नं. २ कुवापानीमा २ वटा घरमा माथीबाट घरमा **पहिरो** झरी घरहरू पुरिँदा **६ लाख** रुपैयाँ बराबरको क्षति भएको छ ।
- **धनकुटाको** चौबिसे गाउँपालिका वडा नं. २ टोड्के भन्ने स्थानमा रहेको एक घरमा माथिबाट **पहिरो** झरी घर क्षति हुँदा **२५ हजार** बराबरको क्षति भएको छ।
- **सुनसरीको** धरान उपमहानगरपालिका वडा नं. ५ सुन्दरबस्तिमा सेउती खोलामा आएको बाढिले **२ घरमा १० हजार** बराबरको क्षति भएको छ ।
- **रौतहटको** ईश्वरपुर नगरपालिका वडा नं.९ **मा एक** घरमा पानी पसी **७० हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।

## घट्ना सारांश...

- **महोत्तरीको** मनराशिस्वा नगरपालिका वडा नं.२ मा ३ वटा घर आंशिक रुपमा भत्किँदा **४ लाख ५० हजार रुपैयाँ बराबर**को क्षति भएको छ ।मनराशिस्वा नगरपालिका वडा नं.८ सहसरामस्थित ४ घर भत्किँदा **४ लाख रुपैयाँ** बराबरको क्षति भएको छ । गढिमाई नगरपालिका वडा नं.१ समनपुरमा रहेको एक कच्चीघर भत्किँदा **५ लाख १७ हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- सर्लाहीको मलंगवा नगरपालिका वडा नं.५ स्थितमा लखनदेही खोलाको बाढी भाडसर गाउँमा पस्दा उक्त स्थानमा बसोबास गर्ने २७ घर डुबानमा परेको छ । हरिपुर नगरपालिका वडा नं.६ लक्ष्मीपुरमा २ घर भत्किँदा **२ लाख ५० हजार** रुपैयाँ बराबरको क्षति भएको छ ।
- **ताप्लेजुङ** फक्तालुङ गाउँपालिका वडा नं. ३ शिव भन्ने स्थानमा एक **घरमा** अचानक बिद्युतको सर्ट भई **अगलागी** भएको । आगलागीबाट **२० लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **जाजरकोट**को तात्रा खोलामा आएको **बाढी**ले नलगाड नगरपालिका वडा नं.९ तात्रास्थित एकघर र जग्गा पूर्णरुपमा बगाएको छ ।
- **भोजपुर** जिल्लाको भोजपुर नगरपालिका वडा नं.१ बोखिममा २ घर अविरल वर्षाको कारण **लडेको** घर भत्किँदा १ वटा गाई मरेको र **१ लाख २० हजार रुपैयाँ** बराबरको क्षति भएको छ।
- **सुनसरीको** धरान नगरपालिका वडा नं.१३ स्थितमा रहेको सर्दु खोलामा आएको **बाढी**ले एक व्यक्तिलाई खोला तर्ने क्रममा **खोलाले बगाएको** छ ।
- **धनुषाको** जनकपुर उपमहानगरपालिका वडा नं.१९ थुमौनामा रहेको एक **कच्चि घर** अविरल परेको पानीको कारण पूर्णरुपमा भत्किँदा **१ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **रौतहटको** परोहा नगरपालिका वडा नं.४ लौकाहामा रहेको एक कच्ची घर अबिरल बर्षाको कारणले अचानक पुर्णरुपमा भत्किँदा **४० हजार रुपैयाँ** बराबरको क्षति भएको छ । यसैगरी ईशनाथ नगरपालिका वडा नं.१ स्थित लालबकैया खोलामा **बाढी** आई बंजरहा गाउँमा पस्दा **३०० घर परीवार उच्च जोखीममा** रहेको छ ।
- **पर्सा जिल्लाको** पर्सागढी नगरपालिका वडा नं.१ भटनि गाउँमा रहेको एउटा **माछापालन फर्म**को माछा पोखरीको डिल भत्किन जाँदा सम्पूर्ण माछा भागी **१५ लाख रुपैयाँ** बराबरको क्षति भएको छ । यसैगरी उक्त स्थानको भेडा खोलामा आएको **बाढी**ले ७ जना व्यक्तिको ३७ कठ्ठा धानबालि भएको जमीन डुबानमा परेको छ ।
- **महोत्तरी जिल्ला**को जलेश्वर नगरपालिका वडा नं.१२ थरुवाईमा १, एकडाडा गाउँपालिका वडा नं. ४ हल्खोरीमा १ र मनराशिस्वा नगरपालिका वडा नं.१० मा २ गरी जम्मा ४ वटा **कच्चि घर** भत्किँदा **३ लाख १० हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **सर्लाहीको** चक्रघट्टा गाउँपालिका वडा नं. ४ सुन्दरपुरमा एक कच्चि घर भत्किँदा **२ लाख ५० हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **बारा**को सुबर्ण गाउँपालिका वडा नं. ६ मुसर्नामा रहेको एक **कच्ची घर** भत्किँदा **१ लाख ५० हजार बराबरको क्षति** भएको छ ।
- **बाग्लुङ**को गलकोट नगरपालिका वडा नं.४ खरुवाको एक घरमा माथिबाट **पहिरो** आई पुरिँदा ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ।
- **रुपन्देही**को बुटवल उपमहानगरपालिका वडा नं.४ प्रगती टोलमा रहेको **कच्चिघर भत्किँदा** ७ वर्षकी बालिकाको बायाँ खुट्टामा फ्याक्चर भएको छ।
- **नवलपरासी पश्चिम**को प्रतापपुर गाउँपालिका वडा नं. ३ नन्दपुरमा अबिरल वर्षाका कारण २ वटा कच्ची घर **भत्किँदा ३० हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **दाङ**को घोराही उपमहानगरपालिका वडा नं.१० खैरी स्थित हापुर खोलाको पानीको भल पसी ६ वटा घर **डुबान**मा परेको छ ।

## सडक अवरोध

- **नवलपरासी पूर्व**को गैडाकोट न.पा.९ थुम्सी नजिकै **पूर्ब पश्चिम राजमार्गमा** निर्माण हुँदै गरेको कलभर्टको डाईभर्सनमा राखेको ह्युम पाईपमा अत्याधिक पानी आई पानी नअटेको कारणले डाईभर्सन बगाई **राजमार्ग पूर्णरुपमा** अबरुद्ध भएको छ ।
- **नवलपरासी पश्चिम**को बर्दघाट नगरपालिका वडा नं.४ खुर्सानी खोला नजिकै **महेन्द्र राजमार्गमा पहिरो** आई बाटो अबरुद्ध भएको छ ।
- **सुनसरीको** बराहक्षेत्र नगरपालिका वडा नं.१ चताराबाट **बराहक्षेत्र जाने सडक खण्ड**को छिपछिपे माथिबाट पहिरो आई **सडक अबरुद्ध** भएको छ ।
- **इलाम जिल्लाको** इलाम नगरपालिका वडा नं.९ गोलाखर्क भन्ज्याङमा **पहिरो आई मेचि राजमार्ग** पुर्णरुपमा अबरुद्ध भएको छ ।
- **पर्वत**को कुश्मा नगरपालिका वडा नं.८ चुवा स्थित **पोखरा-कुश्मा सडक खण्डमा अ**बिरल बर्षाको कारण माथिबाट **पहिरो** आई बाटो अबरुद्ध भएको छ ।
- **म्याग्दी**को अन्नपुर्ण गाउँपालिका वडा नं. ३ स्थित दरिखोला भन्ने स्थानमा रातिबाट परेको अबिरल वर्षाको कारण सडक भन्दा माथिबाट ढुङ्गा माटो सहितको लेदो **पहिरो खस्न** जाँदा **बेनी -जोमसोम सडक** खण्ड पुर्ण रुपमा अबरुद्ध भएको छ ।
- **धनकुटाको** सागुरीगढी गाउँपालिका वडा नं. ५ भेडेटार रबि राके सडकखण्ड स्थित लुम्फाजुङ भन्ने ठाउमा **पहिरो** झरी बाटो अबरुद्ध भएको छ ।
- **मकवानपुरको** ईन्द्रसरोवर गाउँपालिका वडा नं. २ सयपत्री होटल नजिकै **हेटौडा कुलेखानी काठमाण्डौ सडक खण्डमा** बर्षाको कारण माथिबाट पहिरो खसी दुवै तर्फी बाटो अवरोध भएको छ ।
- **सिन्धुलीको** गोलञ्जोर गाउँपालिका वडा नं. १ कुडुले स्थित **मध्य पहाडी लोक मार्गमा** माथिबाट पहिरो आई बाटो अवरोध भएको छ ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा पुरिएर वेपत्ता भएका व्यक्तिहरुको स्थानीयको सहयोगमा खोजी कार्य भइरहेको छ भने घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याईएको छ । साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको छ ।

## वर्षाको सारांश

### असार २७ गते बिहान ०८:४५ बजे देखि असार २८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०३/२८ गते बिहान ०८:४५ बजे २२४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४३ र स्वचालितः ७९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२०९.२ मि. मी.) मोरङ्ग जिल्लाको लेटाङ्ग केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २०० मि. मी. भन्दा बढि, २ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, १३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ४२ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ६६ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ९२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




**चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)**

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**असार २८ (आइतबार)**

- **आज कोशी, नारायणीमा बहाव सतर्कता आसपासनै हुने तथा नारायणी र यसका केहि सहायक नदीमा खतरा आसपास सम्म पनि पुग्न सक्ने ।** कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज **कन्काई, कमला, बागमती लगायतमा बहाव बढ्दो हुने, केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood)** हुन सक्ने तथा केहिमा खतरा तह आसपास सम्म पुग्न सक्ने । पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्दो हुने र केहि सहायक नदीमा बहाव सतर्कता पुग्न सक्ने
- **आज मेचि, विरिङ, निन्दा, मावा-रतुवा, लोहन्द्रा, खेसलिया, चिसाङखोला, सुनसरी, खोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती लगायत प्रदेश १, २ र बागमती प्रदेश चुरे र तराईबाट बहने साना नदीमा बहाव धेरैमा सतर्कता आसपास रहने र केहिमा खतरा सम्म पुग्न सक्ने पुर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, ससरी लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ उपत्यका, नवलपरासी, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।**

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/